

के तपाईंको घर पानीले रसाएको छ ?
अब चिन्ता नगर्नुहोस !
चिन्ताको समाधान Waterproofing ले गर्ने छ । १००% ग्यारेन्टीका साथ समस्यको समाधान ।
सम्पर्कः प्रगति ट्रेड कन्सर्न
रानीपौवा, पोखरा-११ (रन्जित पार्टी प्यालेसको नजिकै)
०६१-५७८०९९, ९८५६०२२३३३, ९८४६९१४७७३



# पोखरापत्र

राष्ट्रिय दैनिक

Pokharapatra National Daily



रू. १.५ मा
कलर भिजिटिङ कार्ड
साथै
तुरुन्त क्यालेण्डर पुस्तक, स्मारिका आदि छपाई गर्नु परेमा
सम्पर्क:
०६१-५७०६५१, ९८५६०७५५७५



❑ वर्ष २३ ❑ अङ्क २८४ ❑ श्रेणी क्षेत्रीय 'क' ❑ २०७९ कार्तिक २६ गते शनिबार ❑ 12 Nov. 2022 ❑ पृष्ठ ४ ❑ मूल्य रू. ५।-


## निर्वाचन प्रचारमा गरिने फजुल खर्च कम गर्न प्रमुख आयुक्तको आग्रह

**रासस**
**काठमाडौं, २५ कार्तिक**

प्रमुख निर्वाचन आयुक्त दिनेशकुमार थपलियाले निर्वाचन प्रचारप्रसारका क्रममा हुने फजुल खर्चले वित्तीय अनुशासन उल्लघङ्नका साथै अर्थतन्त्रलाई प्रभावित पार्ने भएकाले कम खर्चमा मतदातासमक्ष दल र उम्मेदवारहरूलाई जान प्रेरित गर्ने गरी समाचार सम्प्रेषण गर्न सञ्चारमाध्यमलाई आग्रह गर्नुभएको छ।

नेपाल टेलिभिजनले निर्वाचन अभिमुखीकरण तथा विषयवस्तु र प्राविधिक तयारीबारे आयोजना गरेको कार्यक्रममा उहाँले प्रतिस्पर्धात्मक समयमा स्थलमा गएर सही समाचार ल्याउन टेलिभिजनकर्मीलाई प्रविधि, जनशक्ति वा अन्य कुनै पक्षको अभावका नाममा गर्न खोजेको काम गर्न नसकिएको भन्ने छुट नभएको भनाइ राख्नुभयो। सूचना दिएर जितिन्छ, लुकाएर जितिँदैन भन्ने मान्यताका साथ आयोगले सूचनामा सबैको समान पहुँच स्थापित गर्ने गरी संयन्त्र स्थापना र प्रवाह गरिरहेकाले तथ्य जाँच गरेर समयमा सही समाचार दिन उहाँले आग्रह गर्नुभयो। प्रमुख निर्वाचन आयुक्त थपलियाले मिथ्या सूचना, दुष्प्रचार र द्वेषपूर्ण अभिव्यक्तिको अनुगमन भइरहेकाले गालीगलौज र लाञ्छनायुक्त भनाइलाई रोक्न पाइँदैन भन्ने हिसाबले प्रस्तुत हुनु दुर्भाग्यपूर्ण भएको टिप्पणी गर्नुभयो। प्रमुख आयुक्त थपलियाले जनताको अभिमत प्रकट हुनुपूर्व फलानो उम्मेदवार बलियो वा फलानो उम्मेदवार कमजोर भन्ने ढङ्गले समाचार वा मत सर्वेक्षण गर्न आचारसंहिताबमोजिम नपाइने भएकाले त्यसबाट सजग रहन आग्रह गर्दै मतदानको दिन र मतगणना कार्यको समाचार दिँदा अन्तर्राष्ट्रिय मान्यताअनुरूप तथ्यपरकता, सन्तुलित र विश्वसनीय समाचार प्रवाह गर्न आग्रह गर्नुभयो।

## तपाईं मत बदल्नुस्, हामी अवस्था बदल्छौँ : अध्यक्ष लिङ्देन

**पोखरापत्र संवाददाता**
**स्याङ्जा, २५ कार्तिक**

राष्ट्रिय प्रजातन्त्र पार्टी (राप्रपा) का अध्यक्ष राजेन्द्र लिङ्देनले जनताले मत बदले देशको अवस्था राप्रपाले बदल्ने बताउनुभएको छ।



स्याङ्जाको वालिङमा शुक्रबार आयोजित चुनावीसभालाई सम्बोधन गर्दै उहाँले देशमा ठूला भनिएका पार्टी तथा नेतालाई धेरै पटक विजयी बनाए पनि देशको अवस्था उही रहेकाले एकपटक राप्रपालाई मतदान गर्न आग्रह गर्नुभयो।

'कांग्रेस, कम्युनिष्टलाई धेरै पटक विजयी बनाउनुभयो, मत बदल्नुभएन र देशको अवस्था उही रह्यो', उहाँले भन्नुभयो, 'एकपटक मनलाई मतसँग जोड्नुहोस् र मत बदल्नुहोस्, हामी देशको अवस्था बदल्छौँ।' आगामी मङ्सिर ४ गते हुन लागिरहेको प्रतिनिधिसभा तथा प्रदेशसभा सदस्यको निर्वाचन आवधिक मात्रै नभई असल पार्टी र नेता चुन्नुपर्ने उहाँको भनाइ थियो। 'यो निर्वाचन आवधिक निर्वाचन मात्रै होइन, असल पार्टी र नेता चुन्नेमात्रै होइन, विगतको समीक्षा र भविष्यको माग तय गर्ने महत्त्वपूर्ण अवसर पनि हो', उहाँले भन्नुभयो, 'अहिलेसम्मका निर्वाचनमा ठिक पार्टी र ठिक नेता चुन्न नसकेकै कारण दुःख पायौँ, अझै कति दुःख पाइरहने हो ? सोच्नुस् यो पटक।'

देशलाई यो अवस्थामा पुऱ्याउनुको पछाडि पार्टी र नेतामात्रै दोषी नभई गर्दै गर्दैनन् भनेर जानीजानी उसैलाई मत दिने मतदाता पनि दोषी रहेको उहाँले बताउनुभयो। 'कन्यादान दिने कुरा कति पटक सोच्छौँ, के हुने हो, कस्तो घर पर्ने हो, भन्दा भन्दै त कहिलेकाहीँ झुक्किन्छौँ', उहाँले भन्नुभयो, 'मतदान झन ठूलो दान हो तपाईंको गलत निर्णयले तपाईंमात्रै होइन समाज र राष्ट्र नै बिग्रन सक्छ बेलैमा सचेत हौँ।' हिजो अर्को देशलाई सहयोग गर्ने देश आज मागी खाने, थापी खाने देशका रूपमा चित्रित भएको भन्दै उहाँले देशमा हाल रहेका तीन वटा सरकारलाई दुई वटामा झार्नुपर्ने बताउनुभयो। 'म कहिले पनि भ्रष्टाचार गर्दिनँ र अरुलाई गर्न पनि दिन्नँ', उहाँले भन्नुभयो, 'भ्रष्टाचारी प्रवृत्तिमाथि डोजर चलाउने मन छ, म एक्लै संसद्मा पुगेर आवाज पुगेन, अरु पनि साथी सहयोगी पठाइदिनुहोस् भन्न स्याङ्जा आएको हुँ, तपाईंको सहयोग माग्न आएको हुँ।'

चुनावीसभामा अभिनेत्री मनिषा कोइरालाले बिपीले अगाडि सार्नुभएको विचारजस्तै अहिले राप्रपाका विचार पनि मिल्ने भएकाले आफू पनि राप्रपाकै साथमा रहेको बताउनुभयो। चुनावीसभामा राप्रपाबाट स्याङ्जा क्षेत्र नं २ का प्रतिनिधिसभाका उम्मेदवार लालगोपाल अर्याल, प्रदेश (१)का उम्मेदवार सागर गैह्रे, प्रतिनिधिसभाको समानुपातिकका उम्मेदवार देवी पराजुलीलगायतले सम्बोधन गर्नुभएको थियो।

## परदेशको सीप सदुपयोग हुनुपर्नेमा जोड

**पोखरापत्र संवाददाता**
**पोखरा, २५ कार्तिक**



किताब पब्लिसर्सद्वारा पोखरामा आयोजित परदेशको पसिनाः कसरी लिने प्रतिफल ? शीर्षककमा गरिएको 'वैदेशिक रोजगारी, श्रम आप्रवासन र अवसरका ढोका' विषयक अन्तर्क्रियामा परदेशको पसिना सदुपयोग हुनुपर्नेमा जोड दिइएको छ।

नेपालीले परदेशमा गएर दुःख गरी कमाएको पैसाले यहाँको अर्थतन्त्रमा महत्वपूर्ण योगदान पुगे पनि उक्त योगदानको कदर हुन नसकेको बताउँदै कार्यक्रमका वक्ताले दीर्घकालीनरुपमा यहीँ नै रोजगारीको सिर्जना गर्नुपर्ने वातारण आवश्यक रहेको बताए।

नीति तथा योजना आयोग गण्डकीका उपाध्यक्ष डा रघुराज काफ्लेले लाखौँ नेपालीले विदेशमा गएर कमाएको पैसाले मुलुकलाई जीवन दिएको बताउँदै उनीहरूको योगदानको कदर हुन नसकेको बताउनुभयो। श्रम प्रशासनमा सुधार हुनुपर्नेमा जोड दिँदै उहाँले स्थानीयरुपमा नै रोजगारीको सिर्जनासँगै रोजगारीमा जानेका लागि क्षमता अभिवृद्धि, भाषा, सीप तालिम आदिमा जोड दिनुपर्ने आवश्यकता औँल्याउनुभयो। पोखरा महानगरपालिकाका प्रमुख धनराज आचार्यले यही नै रोजगारीको सिर्जना गर्नु पहिलो आवश्यकता भएको बताउँदै विदेश गएर प्राप्त गरेको धनसँगै, ज्ञान, सीप र क्षमतालाई यही नै उपयोग गर्ने वातावरण तयार गर्नुपर्ने बताउनुभयो। कतिपयले विदेशबाट फर्केर यही नै उद्यम गर्न लाग्नुभएको बताउँदै उहाँले महानगरपालिकाले रोजगारीको अवस्था सम्बन्धमा तथ्याङ्क सङ्कलन सुरु गरेको जानकारी दिनुभयो। आप्रवासनविद् एवं राष्ट्रिय योजना आयोगका पूर्वसदस्य डा गणेश गुरुङले वैदेशिक रोजगारीमा गई आधारभूत आवश्यकता पूरा गरेकामध्ये कतिपयले यही नै उद्यम थालेको बताउँदै उनीहरूका ज्ञान, सीप र क्षमता स्वदेशमा उपयोग गर्ने वातावरण तयार गर्नुपर्ने बताउनुभयो। आप्रवासी महिला अधिकारकर्मी मञ्जु गुरुङले आर्थिक अवस्था, घरेलु हिंसालगायतका विभिन्न परि स्थितिका कारण कतिपय महिला महिला वैदेशिक रोजगारीमा जान बाध्य छनु भन्नुभयो। कतिपय महिलालाई कामबाट फर्केपछि पनि यौनिकतालगायतका विषयसँग जोड्ने प्रवृत्ति पनि समस्याका रुपमा देखापरेको उहाँको भनाइ छ।

पूर्वश्रमिक भीम श्रेष्ठले स्वदेशमा अवसर नपाएपछि युवा विदेशिने गरेको जनाउँदै उनीहरूलाई त्यहाँबाट फर्केपछि स्वदेशमा नै केही गर्ने वातावरण तयार हुनु जरुरी रहेको बताउनुभयो।

## साफ च्याम्पियनशिप फुटबलको उपाधि नेपालले जित्यो

**पोखरापत्र संवाददाता**
**पोखरा, २५ कार्तिक**

बङ्गलादेशमा आयोजना भएको यू-१५ महिला साफ च्याम्पियनशिप फुटबल प्रतियोगिताको उपाधि नेपालले जितेको छ।

बङ्गलादेशको ढाकामा आज भएको डबल राउन्ड रोबिन लिगको अन्तिम खेलमा नेपालले बङ्गलादेशसँग १-१ गोलको बराबरी खेल्दै च्याम्पियन बनेको हो। खेलमा सुरुआती अग्रता नेपालले बनाएको थियो। खेलको १४औँ मिनेटमा सुशिला केसीले गोल गर्दै नेपाललाई अग्रता दिलाएकी थिइन्। तर खेलको ५४औँ मिनेटमा बङ्गलादेशकी खेलाडी रुमाले गोल गर्दै खेललाई १-१ गोलको बराबरीमा ल्याइन्।

त्यसपछि खेलको ८९औँ मिनेटमा बङ्गलादेशले पेनाल्टी प्राप्त गरेको थियो। तर बङ्गलादेशकी बिबी रीताको पेनाल्टी प्रहार नेपालकी गोलकिपर सुजाता तामाङले उत्कृष्ट बचाउ गरिन्। त्यसपछि थप गोल भएन र खेल बराबरीमा सकिँदा नेपाल च्याम्पियन बनेको हो। नेपाल शीर्षस्थानमा रहँदै उपाधि उचाल्न सफल भयो। त्यस्तै यस बराबरीसँगै नेपालले चार खेलमा अपराजित रहँदै १० अङ्क जोड्यो। समान चार खेल खेलेको बङ्गलादेशले सात अङ्क जोडेर उपविजेता बन्यो। भूटान अङ्कविहीन रहँदै घर फर्कियो। प्रतियोगितामा नेपाल, भूटान र बङ्गलादेशको सहभागिता रहेको थियो।

## नवौं राष्ट्रिय खेलकुदमा गण्डकीका पदक विजेता खेलाडीहरुलाई परिषदले नगद सहित सम्मान गर्ने

**पोखरापत्र संवाददाता**
**पोखरा, २५ कार्तिक**

नवौं राष्ट्रिय खेलकुद प्रतियोगिता २०७९ का पदक विजेता खेलाडीहरुलाई प्रदेश खेलकुद परिषद गण्डकीले नगद सहित सम्मान गर्ने भएको छ।

प्रदेश खेलकुद परिषदको कार्यकारी समितिको शुक्रबार बसेको बैठकले उक्त निर्णय गरेको हो। बैठक बारे जानकारी दिंदै परिषदका सदस्य सचिव घनश्याम पौडेलले जानकारी दिएका छन्। पौडेलका अनुसार मंसिरको तेश्रो साता भित्रै खेलाडीहरुलाई नगद सहित सम्मान गरिनेछ। खेलाडी संगै खेल प्रशिक्षक, व्यवस्थापक र खेल संघहरुलाई समेत सम्मान गरिने उनले बताए।

गण्डकी प्रदेशका तर्फबाट पदक बिजेता खेलाडीहरुलाई सम्मान गर्न परिषदले कार्यविधि समेत तयार गरिसकेको जानकारी गराउँदै पौडेलले सम्मान कार्यक्रमको व्यवस्थापन गर्न कार्यकारी सदस्य दिल बहादुर गुरुङको संयोजकत्वमा पाँच सदस्यिय समिति गठन गरिएको बताए। 'हामीले खेलाडी, प्रशिक्षक, व्यवस्थापक र खेल संघहरुलाई सम्मान गर्नेछौं। यसका लागि प्रक्रियागत कुराहरु हामीले तय समेत गरिसकेका छौं'। उनले भने। कार्यकारी समितिको बैठकले नवौं राष्ट्रिय खेलकुदमा गण्डकी प्रदेशले ऐतिहासिक सफलता प्राप्त गरेको बताउँदै यसका लागि खेलाडी, प्रशिक्षक, व्यवस्थापक, खेल संघहरु, जिल्ला खेलकुदहरु तथा सम्पूर्ण गण्डकी प्रदेश खेलप्रमीहरुलाई बधाई तथा शुभकामना व्यक्त गरेको छ। गत असोज २८ गतेबाट कार्तिक ३ गते सम्म गण्डकी प्रदेशमा सञ्चालन भएको नवौं राष्ट्रिय खेलकुदमा गण्डकी प्रदेश प्रदेशस्तरमा प्रथम हुन सफल भएको थियो भने विभागिय टिम पछि समग्रमा चौथो स्थान हासिल गरेको थियो। गण्डकीले ३२ स्वर्ण, ३१ रजत र ५८ कास्यपदक प्राप्त गरेको थियो।

## जनमतको कदर गर्दै सेवामा खटिरहन्छु – बराल

**पोखरापत्र संवाददाता**
**पोखरा, २५ कार्तिक**



कास्की क्षेत्र नं १ प्रतिनिधि सभा सदस्य उम्मेद्वार किशोरदत्त बरालले जनमतको उच्च कदर गर्दै सेवामा खटिरहने प्रतिवद्वता व्यक्त गर्नुभएको छ।

झुटो कुरा नगर्ने र सक्ने कुरा मात्र गर्ने भन्दै उहाँले जनपक्षिय काम गर्ने बताउनुभयो। शुक्रबार पोखरा २९ मा घरदैलो र मतदातासँग भेटघाट गर्ने क्रममा उहाँले शिक्षा, स्वास्थ्य, रोजगारीलाई प्राथमिकता दिदै भूमिहीन सुकुम्बासीलाई लालपूर्जा उपलब्ध गराउन प्रयास गर्ने प्रतिवद्वता व्यक्त गर्नुभयो।

'आज मात्रै होइन, भोलि पनि भेटिनुपर्छ उहाँले भन्नुभयो - झुटो नबोलि जनताले प्राथमिकताका आधारमा तय गरेका योजना नै मेरा योजना हुन्।' पाँच दलीय गठबन्धनका साझा उम्मेद्वार बरालले गठबन्धनको संघ र प्रदेश बन्दा सरकार काम गर्न सजिलो हुने भन्दै गठबन्धनका उम्मेद्वारलाई विजयी गराउन आग्रह गर्नुभयो। गठबन्धन राम्रो र प्रभावकारी हुँदा हाम्रो वातावरण निर्माण भएको र चुनाव जित्ने वातावरण बनेको उहाँको भनाइ छ। उम्मेद्वार बरालले सीपमूलक शिक्षा र उद्यमशीलतालाई विशेष जोड दिदै आउनु भएको छ। उहाँले शनिवार पोखरा १२ मा मतदाता भेटघाट र घरदैलो गर्नु हुनेछ।




# जनताको भरीया बन्न चाहान्छु : उपसभापति गुरुङ

श्रीकृष्ण सिग्देल
स्याङ्जा, २५ कार्तिक



नेपाली काँग्रेसका केन्द्रीय उपसभापति तथा स्याङ्जा संघिय निर्वाचन क्षेत्र नम्वर २ का उम्मेदवार धनराज गुरुङ्ले नेपाली जनताको भरीय बन्न चाहेको बताएका छन् ।

नेपाल तरुणदल गल्याङ्ले आयोजना गरेको चुनावी सभालाई सम्बोधन गर्दै उपसभापति तथा संघिय उम्मेदवार गुरुङ्ले जनताको दुखसुखको भरीय बनेर हिड्न चाहेको बताएका हुन् । मंसिर ४ गते हुने प्रतिनिधिसभा र प्रदेशसभा निर्वाचनका लागि घरदैलो र चुनावी सभामा व्यस्त रहेका नेपाली काँग्रेसका उपसभापति गुरुङ्ले मुलुक र स्याङ्जालाई उज्यालो बनाउने आफ्नो लक्ष्य रहेको बताए । जनताको अवस्था बदल्न र उज्यालो मुलुक बनाउन भष्ट्र प्रवृत्तिको अन्त्य गर्नुपर्ने धारणा गुरुङ्को छ ।

भष्ट्रचार अन्त्य नगरेसम्म मुलुक बनाउन सकिदैन उपसभापति गुरुङ्ले भने,'भष्ट्रचारीको मुलजरो उखेल्न मंसिर ४ मा हुने निर्वाचनमा नेपाली काँग्रेसले जित्नु आवश्यक छ।' भष्ट्रहरुलाई ठेगान लगाउन स्याङ्जाबासीले साथ दिनुपर्छ उनले भने । आन्दोलन मात्रै क्रान्ति नभएको उल्लेख गर्दै उपसभापति गुरुङ्ले मंसिर ४ गते मतदानबाट क्रान्तिको शुरुआत गर्न उनले सबै मतदातासगँ आग्रह गरे । तरुणहरु पनि यो मुलुक हाक्न सक्छन् भन्ने उदाहरण देखाउने बेला आएको छ उपसभापति गुरुङ्ले भने,'तरुण युवाहरु यो मुलुकको तागत हो, यसको सदुपयोग हुनुपर्छ ।' त्यसैले सबै तरुण युवाहरु भष्ट्र प्रवृतिको अन्त्य गर्न र जनताको अवस्था बदल्न मंसिर ४ गतेका दिनलाई सदुपयोग गर्नुपर्छ उनले भने ।

स्याङ्जामा अहिले सम्म गौरवका आयोजना नहुँदा जिल्लाको विकास ओझेलमा परेको भन्दै नेपाली काँग्रेसबाट संघिय निर्वाचन क्षेत्र नम्वर २ का उम्मेदवार समेत रहेका उपसभापति गुरुङ्ले गर्नसकिने र हुनसक्ने विकासलाई अगाडी बढाउने प्रतिवद्धता व्यक्त गरे । सिद्धार्थ राजमार्गको स्तरोन्नती, एतिहासिक आँधीखोलालाई पर्यटकीय सम्भावनाको खोजी, कालीगण्डकी देखी जिल्लाको धार्मिक, सांस्कृतिक र संस्कृतिको संरक्षण गर्दै समग्र स्याङ्जालाई विकासोन्मुख बनाउन सधै लागिरहने धारणा उपसभापति गुरुङ्को छ । सधै जनताको घरदैलोमा पुग्ने र जनताको भरिया बन्न आफु उम्मेदवार बनेर आएको विश्वास दिलाए ।

विकास सम्भव छ, गर्न सकिने रहेछ भन्ने सन्देश दिन चाहान्छु उपसभापति गुरुङ्ले भने,'देश र जनताको सेवा गर्न राजनीतिमा लागेको र यसमा साथ स्याङ्जावासी जनताको हुनुपर्छ ।' बोलेर, ढाटेर भन्दा पनि गरेर स्याङ्जालाई उज्यालो बनाउने छु उनले भने । निर्वाचनको मिति नजिकिदै जादा चुनावको उत्साह अहिले स्याङ्जामा बढ्दै जानथालेको छ। २ संघिय क्षेत्र र ४ प्रदेश रहेको स्याङ्जामा झण्डै ५० जना उम्मेदवारहरु मतदाताको घरदैलोमा पुगेका छन् ।

रक्तदान जीवनदान
जीवनदान महादान

# प्रदेशको विकास गर्न आइपुगे वेदबहादुर श्याम

पोखरापत्र संवाददाता
पोखरा, २५ कार्तिक



हामीले सम्झनै पर्ने हुन्छ। युवा वा पुरानो जो भए पनि उहाँहरुको भूमिकालाई सधैं सम्झनुपर्दछ । अव राजनीतिमा युवाहरुको आवश्यकता अनिवार्य भएको छ। तर पुरानाहरुको त्याग, तपस्या र क्रियाकलापलाई विर्सन पनि कहिले सकिदैन । विधानत विधिसम्मत हिंड्ने कुरामा युवाको स्वर एकमत हुँदै आएको छ । युवा त्यसमा पनि अनुभवी युवाको नेतृत्व अझ प्रभावकारी हुन्छ ।

विकासमा कार्यक्रममा पनि सजिलै प्रभाव पर्दछ भने उता हरेक क्षेत्रसँग परिचित हुनाले माटो माटोमा सम्बन्ध बनेको हुन्छ । त्यही सम्बन्धलाई पुनः ताजकी बनाउन कास्की क्षेत्र नं १ को ख मा एमालेवाट वेदबहादुर गुरुङ श्याम उम्मेदवार हुन । २०७४ सालको निर्वाचनमा मादी गाउँपालिकाको अध्यक्ष गुरुङले पालिका प्रमुख हुँदा सुरु गरेको विकास निर्माणका काम पूरा गर्न प्रदेश सभामा आएको वताए । मेरो जीत पछिको वाटो भनेको विकास र समृद्धिको गुरुङले भने । नर्वाचन क्षेत्रका जनतालाई आफूले उत्साह दिलाउने गरी काम गर्नेमा श्यामको जोड छ । विकास निर्माणको काम गर्दा राजनीति पुर्वग्रह नराखी सवैलाई समान र वरावरी रुपमा काम गर्ने गुरुङले भने । गुरुङले आफूले गाउँपालिका अध्यक्ष हुँदा कास्कीमा नमुना गाउँपालिकाको रुपमा मादीलाई पुऱ्याएको र अझै धेरै काम गर्न बाँकी रहेको पुन ताजकी बनाए । जसले आफ्नो क्षेत्रमा राम्रो काम गरेर पहिचान बनायो उसलाइ एक पटक फेरी मौका दिएर बाँकी कार्यलाइ पुरा गर्न दिनु भयो भने नमुना क्षेत्र वनाउने गुरुङले दावी गरे। विकास निर्माणका कार्यसँगै नितीगत शुसान कायम गर्नेमा मुख्य जोड दिएर अगाडि बढ्ने गुरुङले भने । सरकारले सस्तो लोकप्रिय कार्यक्रम ल्याउनाले दिगो विकास नभएको वेदबहादुरले वताए । अव्यवस्थित बसोबास, भूमिहिन र सुकुम्बासी समस्यको दिगो समाधानमा आँफु सदैव लागि परेको गुरुङले जनकारी गराए । धार्मिक साँस्कृतिक, ऐतिहासिक र पुरातात्विक महत्वका सम्पदाहरु, मठमन्दिर, क्होइबु, गुम्बा, मस्जिद, गिर्जाघर, कोट, तिर्थस्थल आदिको संरक्षण र सम्बर्द्धन गर्ने उद्देश्ले उम्मेदावरी दिएको गुरुङले भने । आफ्नो क्षेत्रमा पर्ने कृषि, सास्कृतिक, मनोरञ्जन र साहसिक पर्यटनको पहिचान गरी पूर्वाधारको विकास, होमस्टे र हिलस्टेसनको विकास र रोयल ट्र्याक सहित पदगमार्गहरुको विकास गर्ने अठोट राखी मतदाताकोमा पुग्ने उद्देश्यले शुक्रवार वडा नं २८ को घरदैलो पुगेका छन् गुरुङ ।

युवाहरुमा सकारात्मक र सिर्जनात्मक सोच, देशभक्ति र स्वयंसेवी भावनाको विकास गर्नुको साथै उद्यमशील बन्न उत्प्रेरित गर्ने धेरै योजनाहरु बुनेका छन् वेदहादुरले । खालि र खूला सार्वजनिक जमिन तथा चौरहरुको संरक्षण गरी अति आवश्यक कार्यमा मात्र सदुपयोग गर्ने उद्देश्यले घरघरमा मत माग्न आएका छन् वेदवहादुर ।

# अधिकार दिनुहोस कर्तव्य पुरा गर्दछौ–विद्या भट्टराई

पोखरापत्र संवाददाता
पोखरा, २५ कार्तिक



नेकपा एमाले कास्की निर्वाचन क्षेत्र नं. २ का प्रतिनिधि सभा सदस्यका उम्मेदवार विद्या भट्टराई अधिकारीले अधिकार दिनुहोस कर्तव्य पुरा गर्ने बताउनु भएको छ।

मंसीर ४ गते हुने प्रतिनिधि सभा र प्रदेश सभा निर्वाचनको क्रममा घरदैलो कार्यक्रममा उहाँले भोट दिनुसो आवश्यक निती निर्माणसँगै यस क्षेत्रको विकासमा इमान्दरपूर्वक लाग्ने प्रतिवद्धता व्यक्त गर्नुभयो ।

उहाँले भन्नुभयो, पोखरामा थपिएका नयाँ वडाहरुको घरदैलो कार्यक्रममा मतदाताको पहिलो आवश्यकता सडक निर्माण रहेको उल्लेख गर्दै उहाँले भन्नुभयो, त्यसका लागि सम्भाव्यता अध्ययन गरे तीनै तहका सरकारले ध्यान दिनुपर्ने आवश्यकता औल्याउनुभयो। जुनसुकै सरकारले गरेका विकास निर्माण राष्ट्र र जनताकै लागि भएको उल्लेख गर्दै वर्तमान पाँच दलिय गठबन्धनको सरकारले रकम कटौती गर्दा जनतामा वितृष्णा पैदा भएकोमा उहाँको भनाई थियो । घरदैलो कार्यक्रमका पोखराका थपिएका नयाँ वडा कार्यालयसम्म पुग्ने सडकको अभावमा अहिले पनि जनता सेवा लिन घण्टै खर्चिनु पर्ने अवस्थाको अन्त्यका लागि सडक यातायात आवश्यक रहेको बताउँदै नेत्री भट्टराईले भन्नुभयो, सडकले ग्रामीण क्षेत्रमा उत्पादित कृषि उपजको बजारीकरणमा सहयोग पुग्दछ । दुःखको परिस्थितिमा उपनिर्माचनमा उम्मेदवार बनेको बताउँदै उहाँले कोभिडको महामारिका बाबजुद जनताका केही हदसम्म अपेक्षालाई सम्वोधन गरेको र बाँकी काम सम्पन्न गर्नका लागि पुनः उम्मेदवार भएको मतदाता समक्ष आएको बताउनुभयो ।

नेकपा एमाले केन्द्रीय सदस्य समेत रहनु भएको उहाँले समृद्ध नेपाल, सुखी नेपाली अभियानलाई सार्थक बनाउन मुलुकका भूमिहीनलाई जग्गाको मालिक बनाउनु पर्नेमा जोड दिनुभयो ।

घरदैलो कार्यक्रमले स्थानीय आवश्यकता सहितका योजना संकलनमा महत्वपूर्ण सहयोग पुगेको उल्लेख गर्दै उम्मेदवार भट्टराईले समाजका असहाय, गरिव, विपन्न वर्गको उत्थानका लागि युवा रोजगार तथा महिला सशक्तिकरणमा जोड दिनुपर्ने आवश्यकता औल्याउनुभयो । नेकपा एमाले गण्डकी प्रदेश सचिवालय सदस्य एवम् कास्की निर्वाचन क्षेत्र नं. २ (ख) का उम्मेदवार मिना गुरुङले मतदातले दिएको सुझावलाई आत्मसाथ गर्दै यस क्षेत्रको विकास निर्माणमा इमान्दारीताका साथ लाग्ने प्रतिवद्धता व्यक्त गनुभयो ।

मुलुकको समग्र विकासका लागि स्पष्ट निती विचार र सिद्धन्त आवश्यक पर्नेमा जोड दिँदै उहाँले विकास विरोधी पाँच दलीय गठबन्धदलाई जनताको बलले परास्त गर्ने विश्वास व्यक्त गर्नुभयो । संविधानले व्यवस्था गरे अनुसारका महिला अधिकारलाई सुनिश्चित गर्नका लागि महिला शक्ति संगठित हुनुपर्नेमा उहाँको जोड थियो । घरदैलो कार्यक्रममा स्थानीय जनताले निर्वाचनमा गरेका प्रतिवद्धता आश्वसनमा मात्र सिमित नराखी पुरा गर्नेतर्फ उम्मेदवार हरुलाई सचेत गराउँदै, सडक, शिक्षा, स्वास्थ्य, पर्यटन प्रवर्द्धन, खानेपानी, विद्युतीकरण सहित युवा वर्गलाई स्वदेशमै उद्यमशिलताको विकास गरि रोजगार सिर्जना गर्नुपर्ने ध्यानाकर्षण गराएका थिए । यस निर्वाचन क्षेत्रमा पोखरा महानगरपालिका ११ वटा वडा पर्दछन् ।

# टेबुलटेनिस खेल अभिमुखिकरण कार्यक्रम

पोखरापत्र संवाददाता
पोखरा, २५ कार्तिक

इन्टरनेशनल टेबुल टेनिस फिडेरेशन (आइटिटिएफ) को आर्थिक तथा प्राविधिक सहयोगमा नौलो घुम्ती नेपालद्वारा संचालित टेबुलटेनिस फर न्यु लाईफ परियोजनाले पुनस्थापना केन्द्रमा उपचाररत सेवार्थी तथा कर्मचारीहरुलाई एक दिने टेबुल टेनिस खेल अभिमुखिकरण तथा प्रशिक्षण कार्यक्रम सम्पन्न गरेको छ ।

जिल्ला टेबुलटेनिस संघ कास्कीको समन्वयमा संघका अध्यक्ष उत्तम जोशी सहितको टोलिले सहभागीहरूलाई संयुक्त सैद्धान्तिक तथा प्रयोगात्मक कक्षा संचालन गरी टेबुलटेनिस खेलको आधारभूत सिद्धान्त, महत्व, न्युनतम मापदण्ड र यसका अवसरहरु बारे प्रकाश पारेका थिए । उक्त प्रशिक्षण कार्यक्रममा सहभागी सेवार्थिहरू मध्ये एक प्रतिनिधि सेवार्थिले पुनस्थापना केन्द्रमा संचालित विविध कार्यक्रमका साथै टेबुलटेनिस खेल कार्यक्रम थप भएकोमा हामी अत्यन्तै उत्साहित छौं उक्त खेल जुन सुकै उमेर समुहकाले पनि खेल्न सकिने, ठुलो खेल मैदानको आवश्यकता नपर्ने र प्रशिक्षक सहितको प्रशिक्षण भएकाले उक्त खेलमा निरन्तर लगाव राख्न सकियो भने पुनस्थापना केन्द्रबाट बाहिर निस्कदा खेलाडी भएर निस्कन सकिने अवसर तथा सम्भावनाको बाटो खुलेको बताए ।

संस्थाका द्वितीय उपाध्यक्ष मंगल बहादुर नेपालीको अध्यक्षतामा संचालित उक्त कार्यक्रममा उनले पुनस्थापना केन्द्रले प्रभावकारी तथा गुणस्तरीय सेवा प्रदान गर्ने उदेश्यले उक्त कार्यक्रम नियमित रूपमा आगामी ३ बर्षसम्म संचालन गरिने र सेवार्थिहरुलाई अन्य उपचार पद्धति संगसंगै खेलकुदको माध्यमबाट शारीरिक तथा मानसिक रुपमा स्वस्थ्य राख्दै थप हौषला र प्रेरणा प्रदान गरी सकारात्मक सोचको विकास गर्दै नतिजा प्राप्तिमा उन्मुख रहने बताउनु भयो । उक्त कार्यक्रमको संचालन ओम कृष्ण गुरुङले गरेका थिए ।

उत्पादन बढाऔं र मितव्ययी बनौं

◆ स्थानीय स्रोत र साधन परिचालन गरी उत्पादन बढाऔं ।
◆ आर्थिक रुपमा सक्षम बनौं, राष्ट्रिय पूँजी निर्माणमा योगदान पुऱ्याऔं ।
◆ देखासिकी नगरौं, आफ्नो आर्थिक क्षमताको पहिचान गरौं ।
◆ आर्थिक मितव्ययी बनौं, फजुल खर्च नगरौं ।
◆ विलासिताका वस्तु तथा सेवाको अनावश्यक उपयोगलाई निरूत्साहित गरौं ।
◆ अनावश्यक खर्च घटाएर बचत गर्ने बानीको विकास गरी विश्वसनीय बैंक तथा वित्तीय संस्थामा जम्मा गरौं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

प्यारालाइसिसका बिरामीको उपचार

विगत १८ वर्षदेखि सञ्चालित यस हस्पिटलमा विशेष छुटका साथ नयाँ तथा पुराना प्यारालाईसिसका बिरामीहरुको सफल उपचार भैरहेको जानकारी गराउँदछौं ।

प्रेसरले हानेर प्यारालाईसिस भएका बिरामीहरूको मात्र उपचार भइरहेको छ ।

लक्षणहरू :
» शरिरको एक हर नचल्ने ।
» मुख बाङ्गो भएको ।
» खाना खान, बोल्न, पिसाब गर्न गाह्रो भएको ।
» हिंड्न नसक्ने, खुट्टा हात लुलो भएको ।

सम्पर्क:
स्पार्क वि एण्ड डि हस्पिटल प्रा.लि.
पोखरा-८ न्यूरोड, सभागृहचोक
फोन नं. ०६१-५७१४०८, ९८५६०२६७५०,९८६६४१५३८०

के तपाईमा यौनसम्बन्धी समस्या छ

पुरुषमा देखिने:
शिघ्रपतन, यौन सन्तुष्टी नहुने, यौन चाहना नहुने, लिङ्ग उत्तेजना नहुने, लिङ चिलाउने, सरूवा यौन रोग, स्वप्नदोष, लिङ्गको आकार सानो हुने आदि ।

महिलाहरुमा देखिने:
स्तन सानो गिलो हुने, सेतो पानी बग्ने, योनी चिलाउने, तल्लो पेट दुख्ने, ढाड दुख्ने, महिनाबारीमा गडवडी, यौन सन्तुष्टिमा कमी हुने आदि ।

सुन्दरता : अनुहारका सबै किसिमका दाग, डण्डीफोर कालोपोतो, अनावश्यक कोठी वा फोकाहरु, दुवी, सेता दुवी, साथै अन्य चर्मरोगहरु ।

मलद्वार सम्वन्धी रोग : छारसुत्रद्धार पायल्स, फिस्टुला, फिसरको सफल उपचारका साथै मलद्वारमा मासु पलाएको, दिसा बस्दा गाह्रो हुने, मलद्वार दुख्ने, पोल्ने, दिसासँग रगत बग्ने आदि समस्याहरुको सफल उपचार गरिन्छ।

महिला वा पुरूषमा हुने (बाँझोपन) निःसन्तानपनको सफल उपचार

जाँच्ने समय: प्रत्येक दिन बिहान ९:०० बजेदेखि बेलुकी ५:०० बजेसम्म

सम्पर्क स्थान :
माता मनकामना आर्युबेंद क्लिनीक प्रा.लि.
नयाँबजार पोखरा (न्यू विवेक आयल स्टोर्सको घरमा)
फोन ०६१- ५८९१९४, ९८४४३११९०६, ९८५१०८८११८

नोट : नयाँ तथा पुराना बिरामीहरुले यथाशीघ्र सम्पर्क गर्नुहोला।

कपालको उपचार

कपाल झर्न तुरून्त रोक्ने तथा उमार्ने

के तपाई कपाल झरेर चिन्तित हुनुहुन्छ ?



● कपाल कोर्दा, नुहाउदाँ समेत सय भन्दा वढी नियमित झरिहेको छ,
● चिसो समयमा कपालका समस्याहरु बढ्न सक्छन्
● कपालको वीच वीचमा टाटुपरेर झरेको छ, कपाल चिलाउने, चाँया पर्ने, चिसोको समयमा चाँया पर्ने, कपाल झर्ने तथा टाउकोमा घाउ खटिरा आउने जस्ता समस्या छन् ।
● कपाल झरेको कारणले झुसिलो, पातलो, छोटो भएको छ, कपाल समय अगाबै फुल्ने, टाउकोको अगाडिको भाग झर्ने, दाढी झर्ने, अनावश्यक रौं पलाउने भएको छ। यदि यस्ता समस्या तथा कपालका कुनैपनि समस्या भएका छन् भने एक पटक सम्पर्क राखी स्वास्थ्य लाभ लिनुहोला ।

सम्पर्क: पञ्चम आयुर्वेद क्लिनिक प्रा. लि.
पोखरा-१०, इन्द्रमार्ग, पोखरा रंगशाला नजिकै
फोन नं. ०६१-४३२२४२, ९८४६०६८८०६

फेवा प्रकाशन प्रा.लि.द्वारा प्रकाशित पोखरापत्र राष्ट्रिय दैनिकका लागि प्रधान सम्पादक : पुण्य पौडेल, सम्पादकः रतन गुरुङ, कार्यकारी सम्पादक : शोभाकान्त सिग्देल, प्रबन्ध निर्देशकः नारायण भण्डारी
कार्यालयः नयाँबजार, पोखरा, फोनः ०६१-५८२५०८, ०६१-५७०६५१, ०६१-५३७८५७ E–mail: pokharapatradaily@gmail.com, pokharapatra@yahoo.com, Website : www.pokharapatra.com.np मुद्रणः हिमालय अफ्सेट प्रेस, नयाँबजार, पोखरा।

# गायक तथा शिक्षकलाई धेरै हुने आवाजको समस्या 'भोकल फोल्ड नोडुल' के हो ?

डा सुभाष देवकोटा



'मेरो आवाज परिवर्तन भएको करिब ३-४ महिना भायो । पेशाले म शिक्षिका हुँ । अहिले थोरै समय पढाउदा पनि थकान महसुस हुन्छ । स्वार भासिने गर्छ ।'

'म गायक हुँ । मेरो आवाज धोद्रो भएको ६-७ महिना भयो । आजभोलि गित गाउँदा गाउँदै स्वर हराउने अनि एकछिन गाउन आराम गर्नुपर्ने हुन्छ ।' माथिका यी समस्या लिएर बिरामीहरु नाक, कान घाँटीको ओपिडीमा प्रया आउने गर्छन् । अभिव्यक्तिको प्रमुख माध्यम नै आवाज भएकाले पनि आवाजमा थोरै समस्या देखिए पनि मानिसहरु आत्तिने गर्छन् । भिन्न उमेर, लिंग, पेशाका मानिसहरुलाई भिन्न किसिमका आवाज सम्बन्धी समस्या देखापर्दछ । त्यसमध्ये एक हो भोकल फोल्ड नोडुल ।

गायक-गायिका, शिक्षक-शिक्षिकामा धेरै देखिने भएकाले यसलाई सिंगर नोडुल वा टिचर नोडुल पनि भनिन्छ ।

राजनीतिकज्ञ, पत्रकार लगायत तथापी धेरै बोल्नुपर्ने जुनसुकै मानिसलाई पनि यो समस्या देखिन सक्छ । आवाजलाई अप्राकृतिक, असामान्य ढंगले प्रयोग गरिरहेमा मानव स्वर यन्त्रमा सानो गिर्खो देखिन सक्छ । जसलाई मेडिकलको भाषामा भोकल फोल्ड नोडुल भनिन्छ ।

भोकल फोल्ड नोडुल हुने कारणहरु

- धेरै चिच्याउने,
- चर्को आवाजले बोल्ने,
- खासुखुस गरिरहने बानी,
- मानसिक तनाव,
- एलर्जी,
- ग्याष्ट्राइटिस
- संक्रमण आदी हुन् ।

यस्ता लक्षणमा बोली धोन्द्रो हुदै जाने, बोल्दा थकाई लाग्ने, घाँटी खसखस हुने आदी समस्या हुन्छ ।

नेपालमा आवाजमा हुने समसय मध्ये करिब १४ प्रतिशत व्यक्तिमा यो समस्या रहेको विभिन्न अध्ययनहरुले बताएको छ। यो समस्या वयस्क र त्यसमा पनि महिलाहरुमा बढी देखिने गरेको छ। पेशागत रुपमा शिक्षण, गायन, राजनीतिज्ञ आदीमा यो समस्या बढी देखिएको छ ।

**उपचार**

यो समस्याको पहिचानका लागि लक्षणको आधारमा चिकित्सकले घाँटीभित्र पाइपले हेरेर पत्ता लगाउन सकिन्छ। यसको उपचार भ्वाइस थेरापी मार्फत गरिन्छ । त्यस बाहेक संक्रमणको उपचार, ग्यास्ट्राइटिसको उपचार, बोलीमा आराले पनि समस्या हटाउन सकिन्छ। यदी यी उपायबाट पनि समस्या ठिक नभएका अप्रेसन पनि गनुपर्ने हुन्छ। तथापी भ्वाइस थेरापीले नै ८० प्रतिशत समस्या निको भएको पाइन्छ ।

भोकल फोल्ड नोडुलको समस्या हुन नदिन वा समस्या भएमा के गर्ने के नगर्ने ?

**नगर्ने**

-घाँटी ख्याक्खुक गरेर सफा नगर्ने,
-धेरै नचिच्याने,
-चर्को भाषण नगर्ने,
-खासखुस, काने खुसी नगर्ने,
-व्यायम गरिरहदा नखोक्ने,
-रक्सि, चुरोट नखाने,
-कफि कम खाने,
-सुख्खा हावाबाट बच्ने ।

**गर्न हुने**

-पानी पिउने र विस्तारै थुक्ने,
-हम गरेर घाँटीमा अड्केको वस्तुलाई निकाल्ने,
-भिडमा बोल्नुपर्दा माइक प्रयोग गर्ने,
-चर्को स्वरमा बोलाउनुको सट्टा घण्टी वा थपडीको माध्यमबाट बोलाउने,
-आफ्नो नर्मल आवाजमा बोल्ने,
-व्यायाम गरिरहेको समयमा नबोल्ने,
-पानी प्रशस्त्र पिउने,
-धुलोधुँवाबाट बच्ने,
-प्रदुषणबाट बच्न मास्कको प्रयोग गर्ने ।

साभारः स्वास्थ्य खबर

# विश्व शान्ति तथा अध्यात्म विज्ञान समाज गण्डकीको अध्यक्षमा ईन्द्रराज अर्याल

पोखरापत्र संवाददाता
पोखरा २५ कार्तिक



विश्व शान्ति तथा अध्यात्म विज्ञान समाज गण्डकी प्रदेशको अध्यक्षमा ईन्द्र राज अर्याल चयन भएका छन् ।

समाजको उपाध्यक्षमा शुशिला ढुङ्गाना महासचिवमा वसन्त बराल सचिवमा लक्ष्मी दाहाल कोषाध्यक्षमा जिवनाथ वस्ताकोटी रहेकाछन् भने सदस्यहरुमा अनिल घिमिरे, बन्दना अधिकारी, सिता पौडेल, पवित्रा बोगटी र कुशल काफ्ले रहेका छन् । समाजको संगठनप्रमुखमा गंगा अर्याल तथा संरक्षकमा चन्द्रकान्त बराल रहेका छन भने सल्लाहकारहरुमा डा. कल्पना पौडेल र ऋषिराज लम्साल रहेकाछन् । समाजको केन्द्रिय सगंठन प्रमुखमा सुवेदी गंगा राज र समाजको संस्थापक अध्यक्ष विश्व योग गुरू आचार्य राजन शर्मा रहेका छन् । त्यसैगरि कास्की जिल्लाको अध्यक्षमा मन्जु श्री थापा उपाध्यक्षमा सृजना शर्मा सचिवमा राधा देवी भटराई र सदस्यमा सिता शर्मा रहेकाछन् । सामजका गण्डकी प्रदेश अध्यक्ष अर्यालले विश्व शान्ति तथा अध्यात्म विज्ञान समाज गण्डकीको मुख्य उद्रेश्य अध्यात्म विज्ञान सगंसम्वन्धित रहेर मुत्ति मार्गमा लाग्नको लागी हरेक दिन साधनामा जुट्न प्रेरित गर्ने उद्रेश्यका साथ स्थापना भएको बताए । गण्डकी प्रदेशअध्यक्ष अर्यालले नेपाललाई योग र तप भुमि भनेर चिनाउने, नेपाललाई योग गुरूको देश बनाउने उद्रेश्य र सकंल्पका साथ विश्व योग गुरूयोगी आचार्य राजन शर्माले समाजको स्थापना गरेको बताए ।

जुम मिटिङमा गरिएको कार्यक्रममा नव निर्वाचित समितिलाई संस्थापक अध्यक्ष आचार्य राजन शर्माले सपथ खुवाएका थिए कार्यक्रमसन्चालन केन्द्रिय संगठन प्रमुख सुवेदी गंगा राजले गरेका थिए ।

# पृथ्वीराजमार्ग विस्तार : ४६६ रुख काटिने

पोखरापत्र संवाददाता
तनहुँ २५ कार्तिक

पृथ्वी राजमार्ग सडक विस्तारको क्रम तीव्र रुपमा भइरहेको छ। सो क्रममा अब चार सय ६६ रुख काटिने भएका छन् । यसअघि मुग्लिन-पोखरा सडक आयोजनाले सडकका दायाँबायाँ रहेका चार हजार दुई सय पाँच रुख कटान गरिसकेको छ ।

आयोजनाका वातावरण विज्ञ युवराज ढकालका अनुसार ९० प्रतिशत रुख कटान भइसकेको छ । बाँकी रहेका रुखमध्ये पनि सकेसम्म बचाएर काट्ने योजना रहेको उहाँले बताउनुभयो । "सबै रुख नकाटिन पनि सक्छन्", उहाँले भन्नुभयो, "काट्नैपर्ने रुख मात्रै कटान गरेर बचाउन सकिने रुख बचाउनेतर्फ आयोजनाले योजना बनाएको छ ।" सडक विस्तार गर्न बिजुलीका पोल, पानीका पाइप र टेलिफोनका तार बाधक बनेका छन् ।

उक्त सडक खण्डमा दुई हजार चार सय बिजुलीका पोल र ३९ किलोमिटर खानेपानीको पाइप हटाउनु पर्ने उहाँले बताउनुभयो । सडक विस्तारका क्रममा सडकका दायाँबायाँ रहेका घर गोठ भत्काइँदा रु साढे आठ करोड क्षतिपूर्ति वितरण गरिसकेको ढकालले जानकारी दिनुभयो । व्यक्तिगत संरचना सात सय ६७ र हाउसहोल्ड आठ सय दश भत्काइएका छन् । आइपिएसमार्फत क्षतिपूर्ति रकम भुक्तानी गरिएको छ । उहाँले भन्नुभयो, "आर्थिक पारदर्शिताका लागि आयोजनाले उक्त प्रणाली अपनाएको हो ।" जग्गाधनी पुर्जा भएका र नभएकाबीच कुनै विभेद नगरी क्षतिपूर्ति दिइने योजना बनाइएको ढकाल बताउनुहुन्छ । क्षति भएका व्यक्तिलाई पुनर्वास योजनामा राखी आयमूलकतर्फ केन्द्रित गरिने उहाँको भनाइ छ ।

आयोजनाबाट विस्थापित भएका, सीमान्तकृत, दलित, आदिवासीलगायतलाई सीपमूलक तालिम प्रदान गरी आयआर्जनका लागि सबल बनाउने योजना रहेको ढकाल बताउनुहुन्छ ।

# विदेशमा काम होइन, बजार खोज्छौंः मीना

पोखरापत्र संवाददाता
पोखरा, २५ कार्तिक



देशको अर्थतन्त्र अहिले कमजोर छ । कतिपयले देश श्रीलंकाकै बाटोमा जान लागेको भन्दै चिन्ता जनाएका छन् । सरकारले कतिपय वस्तु आयातमा प्रतिवन्ध लगाएको छ। तर, अवस्था अपेक्षित सुध्रिएको छैन । देशको अर्थ व्यवस्थालाई दलहरुले एजेन्डामा समावेश गरेका छन् ।

कास्की २ (२) मा एमालेकी उम्मेदवार मीना गुरुङले एमालेकै नेतृत्वमा देशको समृद्धि सम्भव हुने बताएकी छन् । शुक्रबार पोखरा ११ का विभिन्न टोलका मतदातासँग एमाले नेतृत्वको सरकारले गरेका कामको उदाहरण दिँदा अब बन्ने सरकारले देशमा उत्पादनका सम्भावना खोज्ने बताइन् । उनले भनिन्, 'सधै अरुकै भरले देश चल्दैन । अब नेपालमै उत्पादन बढाएर विदेशमा बजार खोज्नुपर्छ । के उत्पादन गर्ने भन्ने योजना हामीसँग छ । विदेशमा रोजगारी खोजेर देशको समृद्धि हुँदैन ।'

अघिल्लो कार्यकालमा प्रदेशका ऐन, कानुन र पूर्वाधार बनाएकाले अबको कार्यकालमा जनताले प्रदेश सरकारको अनुभूति हुने गरी काम गर्ने उनले वाचा गरिन् । महिला, दलित, भूमिहीन, श्रमिक, निम्न वर्गका जनताको हितका लागि एमालेको योजना कामयावी भएको उनको भनाइ छ । उम्मेदवार गुरुङले भनिन्, 'भूमीहीन, अव्यवस्थित बसोबासीलाई जग्गा दिने अभियान हामीले थालेका हौं, अब त्यो पूरा हुँदै छ । एकल, स्थिर र जनपक्षीय तवरले सरकार चलाउने सामर्थ्य एमालेसँग मात्र छ ।' कास्की २ मा एमालेकी उम्मेदवार विद्या भट्टराई अधिकारीले मंसिर ४ पछि एमालेको नेतृत्वमा सरकार भन्ने अवस्था जनताको घरदैलोमा जाँदा देखिएको जनाइन् । उनले कास्कीका समस्या सम्बोधन गर्दै जनपक्षीय नीति निर्माण र सुखी नेपाली, समृद्ध नेपालको अभियानलाई पूरा गर्ने वाचा गरिन् । उनले भनिन्, 'हामी प्रदेश र संघ दुवैतिर महिला उम्मेदवार एमालेबाट आएका छौं । विगतमा हामीले इमान्दारीपूर्वक काम गऱ्यौं । मूल्यांकन गर्ने अभिभारा तपाईहरुको हो ।'

# 'जनताको मत खेर जान दिन्नौं'-पहारी

पोखरापत्र संवाददाता
पोखरा, २५ कार्तिक

नेकपा एमाले कास्की क्षेत्र नम्बर ३(२) प्रदेश सभा उम्मेदवार राजीव पहारीले जनताले दिएको जनतमतको कदर गर्न कुनै कसर बाँकी नराख्ने बताएका छन् ।

शुक्रवार अन्नपूर्ण गाउँपालिका-३, धारापानीमा आयोजित कोणसभालाई सम्बोधन गर्दै उम्मेदवार पहारीले यस्तो बताएका हुन् । यहि क्षेत्रका निवर्तमान सांसद समेत रहेका पहारीले अघिल्लो पटक जनताले विजयी गराएर पठाएपछि चुनावका बेला गरेको केहि प्रतिवद्धता पुरा गर्न नसकेको औल्याए । 'जनताले अनुभुती गर्ने गरि काम गऱ्यौं, तर केहि बाँकी रहे, तिनै अधुरा काम पुरा गर्न फेरी मेरो उम्मेवारी हो'-पहारीले भने । अघिल्लो कार्यकालमा अँधेरी खोलामा झोलुङे पुल निर्माण गरिएको, मुख्यमन्त्री वातावरण नमुना कृषि गाउँ कार्यक्रम अन्नपूर्ण गाउँपालिकामै सञ्चालन गरिएको, धारापानी-शिवालय मार्ग, पत्थर-मरौंचे-भदौरे मार्गको स्तरोन्नती लगायतका कामहरु भएको जनाउँदै केहि योजनाहरु पुरा गर्न नपाउँदै सरकार ढलेकाले योजनाहरु अधुरा रहेको बताए । 'अँधेरी खोलामा पक्की पुलका लागि डिपिआर बनेको छ, यहाँको पैह्रो व्यवस्थापनका लागि ठोस योजना अघि सारिएको छ, हिले-काहुँडाँडा बाटोको स्तरोन्नती गर्नुछ, कृषियोग्य क्षेत्रमा सिंचाइको व्यवस्थापन गर्नुछ'-उनले भने, 'यसका लागि पनि फेरी जनताले मलाई साथ दिनुहुनेमा विश्वस्त छु ।'

उनले सामाजिक विकृती विसंगति विरुद्ध आमा तथा युवा समुहसँग सहकार्य गर्दै अघि बढ्ने प्रतिवद्धता समेत जाहेर गरे ।

# मान्छेलाई आक्रमण गरी घरभित्र पसेको चितुवा मृत भेटियो

पोखरापत्र संवाददाता
वालिङ २५ कार्तिक

शुक्रबार बिहान तीनजनालाई आक्रमण गरी घरभित्र पसेको चितुवा मृत भेटिएको छ। स्याङ्जाको वालिङ नगरपालिका-१४ कफ्लेटीस्थित चण्डीप्रसाद पराजुलीको घरभित्र पसेको चितुवा मृत भेटिएको इलाका वन कार्यालय वालिङका प्रमुख सरोज जमरकट्टेलले बताउनुभयो ।

बिहान ९:१५ बजेको समयमा खेतमा काम गरिरहेका एक पुरुषलाई आक्रमण गरेर आएको चितुवा पराजुलीको घरमा पसेको थियो । घरभित्र पसेको चितुवाले दुई महिलालाई आक्रमण गरी घाइते बनाएको थियो । मान्छेलाई आक्रमण गरी घाइते बनाएसँगै स्थानीयवासीले चितुवालाई घरमै थुनेका थिए । "घरमै थुनेर राखिएको अवस्थामा बिहान करिब ११:३० बजेतिर घटनास्थलमा पुग्दा चितुवा जिउँदै थियो", उहाँले भन्नुभयो, "दिउँसो ३:३० बजेतिर चितुवालाई खोरमा हाल्न खोज्दा मरिसकेको थियो ।" चितुवा बिरामी भएका कारण वा विष खाएर मानिसलाई आक्रमण गरेको हुनसक्ने र सोही कारण मरेको हुनसक्ने उहाँले आशङ्का व्यक्त गर्नुभयो । मरेको चितुवालाई शल्यक्रियाका लागि डिभिजन वन कार्यालय स्याङ्जा लगिएको छ । शनिबार शल्यक्रिया गरिने भएकाले मृत्युको कारण पत्ता लाग्ने उहाँले बताउनुभयो । चितुवाको आक्रमणबाट स्थानीय एक पुरुष र दुई महिला गरी तीनजना घाइते भएका थिए । घाइतेहरूको अनुहार, छाती र पाखुरामा गहिरो चोट लागेकाले पोखरास्थित गण्डकी मेडिकल कलेजमा उपचार भइरहेको छ । उनीहरूको अवस्था खतरामुक्त रहेको बताइएको छ ।

# केशवटारमा पानीटयाङ्की निर्माण

पोखरापत्र संवाददाता
तनहुँ, २५ कार्तिक

व्यास नगरपालिका-१४ केशवटारमा एक लाख ८० हजार लिटर क्षमताको पानीटयाङ्की निर्माण गरिएको छ ।

नेपाल सरकारको रु सात करोड ७८ लाख लगानीमा एक घर, एक करेसाबारी कार्यक्रमअन्तर्गत खानेपानी आयोजनाको पानीटयाङ्की निर्माण गरिएको हो । खानेपानी आयोजना अन्तर्गत गजौदी खानेपानी आयोजनाको दुईवटा टयाङ्की निर्माण गरिएको वडासदस्य दुर्गाबहादुर आलेले जानकारी दिनुभयो । एउटा एक लाख ५० हजार र अर्को ३० हजार लिटर क्षमताको पानीको टयाङ्की निर्माण गरिएको वडासदस्य आलेले बताउनुभयो । आयोजनाबाट उक्त वडामा रहेको केशवटार, रुम्सी, नयाँगाउँ, ठीन, हर्कपुरलगायतका क्षेत्रका बासिन्दामा पानी वितरण गरिनेछ ।

## तपाईको आज

| | | | |
|---|---|---|---|
| मेष | : अप्रत्यसित लाभ | तुला | : झमेला बड्ने |
| वृष | : आर्थिक समस्या | वृश्चिक | : कार्यमा सफलता |
| मिथुन | : मानसिक तनाब | धनु | : मन चञ्चल |
| कर्कट | : शारीरिक झमेला | मकर | : सहयोग मिल्नेछ |
| सिंह | : ब्यापारमा लाभ | कुम्भ | : सत्कार मिल्नेछ |
| कन्या | : शत्रुको भय | मीन | : सम्मान मिल्नेछ |

हरिसिद्धि भविश्यवाणी केन्द्र
पोखरा-१६, जोगिमणीमार्ग, मोबाइलः ९८५६०२०५८६
चिना, टिप, हस्तरेखा,आखत,माटो हेर्नका लागि सम्झनुहोस् ।



# पोखरा २३ को विकासमा गठबन्धनको प्राथमिकता, बाटो र कोल्ड स्टोर निर्माण

**पोखरापत्र संवाददाता**
**पोखरा, २५ कार्तिक**

आगामी मंसिर ४ गते हुने आम निर्वाचनमा कास्की ३ बाट ५ दलीय गठबन्धनका उम्मेदवारहरुले पोखरा महानगरपालिकाको वडा नम्बर २३ मा सडक र कोल्ड स्टोर निर्माण गर्नु पहिलो प्राथमिकतामा राखेका छन् ।

चुनाव प्रचार अभियानमा पोखरा २३ को बाम्दी, चापाकोट, घरेडी, असलचौर, खोरपाखा चनौटे लगायतका स्थानमा पुगेका उम्मेदवाहरुले मतदातासँग आफुहरुको प्राथमिकतामा सडक र कोल्ड स्टोर रहेको बताएका हुन् । प्रतिनिधिसभा उम्मेदवार रामजीप्रसाद बरालले आफु र नेता खिमलाल देवकोटाको पहलमा २० करोडको सडक योजना परेको र फेरी यहाँका सडकहरु निर्माण गर्ने र स्तरोन्नती गर्ने बताए । यहाँका अधिकाँश जनता कृषि पेशामा आवद्ध भएकोले उनीहरुको पेशालाई व्यवसायिकरण गर्न एउटा कोल्ड स्टोरको आवश्यकता पनि आफुलाई महसुस भएको बरालको भनाई थियो । '



किसानको उत्पादनलाई कौडीको मुल्यमा बेच्नुपर्ने वा गाईबस्तुलाई खुवाउनुपर्ने बाध्यताको अन्त्य गर्नु अहिलेको आवश्यकता हो ।' बरालले भने, 'यो बाध्यताको अन्त्य गर्नु मेरो पहिलो प्राथमिकता हो ।' प्रदेश सभाका उम्मेदवार प्रकाश बरालले वडा नम्बर २३ पर्यटकीय दृष्टिले महत्वपूर्ण भएको बताउँदै यहाँ सामुदायिक होमस्टेको प्रवर्द्धन गर्न सहयोग गर्ने बचन दिए । उनले निर्वाचन पनि विधिको शासन स्थापित हुने र बिकास निर्माणले तीब्रता लिने भएकोले आगामी चुनावमा गठबन्धनका उम्मेदवारलाई जिताउन आग्रह गरे ।

नेपाली काँग्रेस पोखरा २३ का सभापति भरतराज भण्डारीको अध्यक्षतामा भएको कार्यक्रममा घरेडि टोल विकास संस्थाका संयोजक मुक्तिराम पराजुली, स्थानीय केदार पराजुलि, पत्रकार गंगाधर पराजुली, युवा नेता देविलाल लामिछाने, असलचौर टोल विकास संस्था अध्यक्ष मोतिलाल पराजुली, टेकनाथ पराजुलि, टंक बस्ताकोटी लगायतले उम्मेदवारसँग विभिन्न अपेक्षा र सुझावहरु प्रस्तुत गरेका थिए ।

# बँसी झर्ने बेला जिल्ला भित्रिँदै मनाङवासी

**पोखरापत्र संवाददाता**
**मनाङ २५ कार्तिक**

हिमाली जिल्ला मनाङमा जाडो बढ्दै गएको छ । यहाँ जाडो याममा बस्न प्रतिकूल हुन्छ । त्यसैले मनाङवासी जाडो छल्न बेसी झर्ने गर्दछन् ।

तर यस पटक भने मनाङवासी जाडो छल्न बेसी झर्ने बेलामा जिल्ला भित्रिँदै छन् । आगामी मङ्सिर ४ गते हुने प्रतिनिधिसभा र प्रदेशसभा सदस्य निर्वाचनका लागि मनाङवासी मतदान गर्न जिल्ला फर्किने क्रममा छन् ।

मनाङमा चिसो बढ्न थालेपछि मनाङी काठमाडौँ, पोखरालगायत स्थानमा जाने अवस्थामा जिल्ला फर्किने क्रममा रहेको प्रमुख जिल्ला अधिकारी रवीन्द्रप्रसाद आचार्यले बताउनुभयो । "मनाङवासी मतदान गर्न यहाँ फर्किँदैछन्", उहाँले भन्नुभयो ।

कात्तिक मध्यबाट जिल्लावासी जाडो छल्न बेँसी जाने समयमा निर्वाचन भएपछि जिल्ला आउने क्रममा रहेका हुन् । हिउँ पर्ने समय भएको छ । खानेपानी नै जम्ने अवस्थामा छ । तर निर्वाचनले जिल्लावासीलाई यहाँ आउन बाध्य बनाएको छ ।

एक प्रतिनिधिसभा र दुई प्रदेशसभा रहेको मनाङमा उम्मेदवारले निर्वाचनको प्रचारप्रसारलाई तीव्र पारिरहेको जिल्ला निर्वाचन अधिकारी पुष्पराज शर्माले बताउनुभयो । यहाँको मौसम जुनसुकै बेला प्रतिकूल हुनसक्ने भएकाले सुरक्षित व्यवस्थापन गरिएको उहाँले बताउनुभयो । मङ्सिर ४ गते हुने प्रतिनिधिसभा र प्रदेशसभा सदस्य निर्वाचनको लागि मतपत्र र ६१ प्रकारका सामग्री जिल्लामा आइसकेको शर्माले बताउनुभयो । "प्रत्यक्ष र समानुपातिकतर्फको मतपत्र र सामग्री मतदान केन्द्रमा पठाउनका लागि सटिङको काम भइरहेको छ । मङ्सिर १ गतेभित्र प्रत्येक मतदान केन्द्रमा मतदान अधिकृत, सहायक मतदान अधिकृत, कर्मचारी र मतपत्रसहित पठाउनेछौँ", उहाँले भन्नुभयो । प्रतिनिधिसभा सदस्य पदमा नेपाली कांग्रेसका केन्द्रीय सदस्य टेकबहादुर गुरुङ र नेकपा (एमाले) का पाल्तेन छोपाङ गुरुङ चुनावी मैदानमा हुनुहुन्छ । कांग्रेसको तर्फबाट प्रदेश 'क' मा मुनिन्द्रजङ्ग गुरुङ र राजन गुरुङ चुनावी प्रतिस्पर्धामा हुनुहुन्छ । यसअघि नै प्रदेश 'ख' मा राजीव गुरुङ सर्वसम्मत निर्वाचित भइसक्नुभएको छ । निर्वाचनमा जित हासिल गर्नका लागि घरदैलोमा पुगेर उम्मेदवार मतदातालाई रिझाउन व्यस्त छन् ।

मनाङमा तीन हजार दुई सय ८१ पुरुष र तीन हजार चार सय ९८ महिला गरी छ हजार सात सय ७९ मतदाता छन् । नार्सों गाउँपालिकामा एक हजार आठ सय ४७, चामेमा सात सय ७७, मनाङ डिस्याङमा तीन हजार छ सय ८७ र नार्पाभूमिमा चार सय ६८ मतदाता छन् । जिल्लामा कैदीबन्दीका लागि एक अस्थायी मतदान केन्द्र कायम गरिएको जिल्ला निर्वाचन कार्यालयले जनाएको छ । अस्थायी मतादन केन्द्रसहित जिल्लामा २९ मतदान केन्द्र छन् ।

# तनहुँ जलविद्युत् आयोजनाको २५ वटा टावर निर्माण

**पोखरापत्र संवाददाता**
**तनहुँ २५ कार्तिक**

तनहुँ जलविद्युत् आयोजनाको प्याकेज तीनअन्तर्गत विद्युत् प्रसारण लाइन निर्माणका लागि टावर निर्माण कार्य धमाधम भइरहेको छ ।

जिल्लाको ऋषिङ गाउँपालिका-१ झापुटारमा निर्माणाधीन एक सय ४० मेगावाट क्षमताको आयोजनाले हालसम्म २५ वटा टावर सम्पन्न गरेको हो । दमौलीबाट चितवनको भरतपुरसम्म २२० केभीको डबल सर्किट प्रसारण लाइन निर्माणका लागि टावर निर्माण निरन्तर चलिरहेको आयोजनाले जनाएको छ । त्यसैगरी हालसम्म ४८ वटा टावरको फाउण्डेशनको कार्य सम्पन्न गरिसकेको आयोजनाका निमित्त प्रमुख राजभाई शिल्पाकारले जानकारी दिनुभयो । टावर निर्माण गर्ने स्थानमा वनका केही रुख काट्नुपर्ने भएकाले बीचमा केही समय निर्माण कार्य रोकिन पुगेको थियो । उहाँले भन्नुभयो,ँ आयोजनाले वन मन्त्रालयमा परिपत्र पठाइसकेकाले अब पुनः काम सञ्चालन हुनेछ । आयोजनाको निर्माण विसं २०८३ असारभित्र सक्ने लक्ष्य राखिएको छ । उक्त प्याकेजको कामको जिम्मा भारतीय कम्पनी केइसीले पाएको छ । प्रसारण लाइन निर्माणका लागि टावर राख्ने जग्गामध्ये तनहुँतर्फका भूभाग प्राप्ति गर्नका लागि मुआब्जा वितरण भइरहेको छ । चितवनतर्फको जग्गा अधिग्रहण गर्ने प्रक्रियामा रहेको उहाँले बताउनुभयो । एक हजार चार सय ५० मिटर लामो पानी ल्याउने सुरुङ खन्नुपर्ने भएकाले हालसम्म तीन सय ५० मिटर सुरुङ खन्ने कार्य सम्पन्न भइसकेको छ । हाल आयोजनाको प्याकेज एकअन्तर्गत डाइभर्सन टनेल (पानी फर्काउने सुरुङ) को काम भइरहेको छ । उक्त प्याकेजको ठेक्का सोङ दा-कालिका जेभीले पाएको उहाँले बताउनुभयो । प्याकेज दुईअन्तर्गतको विद्युतगृह खन्ने काम सम्पन्न भएको छ । आयोजनाको प्याकेज दुईअन्तर्गत सुरुङ, विद्युतगृह निर्माण र हाइड्रोमेकानिकल तथा इलेक्ट्रोमेकानिकल उपकरण आपूर्ति, जडान तथा सञ्चालनलगायत कामको जिम्मेवारी सिनो हाइड्रोपावर लिमिटेडले पाएको छ । सिनो हाइड्रोपावर लिमिटेडले ८९ मिटर लम्बाइ, २२ मिटर चौडाइ र ५१ मिटर उचाइ भएको भूमिगत विद्युत्गृहको सुरुङ खन्ने काम सकेको आयोजनाले जनाएको छ । विद्युतगृहको सुरुङ खन्ने काम सन् २०२० अगष्टदेखि सुरु भएको हो । सिनो हाइड्रो कम्पनीले ४३७.१ मिटर लामो सुरुङ खन्ने काम सम्पन्न गरिसकेको छ ।

२८०.८५ मिटर लामो मुख्य पहुँच सुरुङ र बाँधस्थल जाने ३१४ मिटर लामो पहुँच सुरुङ निर्माण कार्य पनि सम्पन्न गरेको छ । कम्पनीको पूँजी संरचना तथा वित्तीय व्यवस्थापन आयोजनाको कूल लागत (प्रसारण लाइन, ग्रामीण विद्युतीकरण तथा निर्माण अवधिको ब्याजसमेत) ५० करोड २५ लाख अमेरिकी डलरमा एसियाली विकास बैंक (एडीबी) ले १५ करोड, जापान अन्तर्राष्ट्रिय सहयोग नियोग (जाइका)ले १८ करोड ४० लाख, युरोपियन लगानी बैंकले आठ करोड ५० लाख र नेपाल सरकार/नेपाल विद्युत् प्राधिकरणले आठ करोड ६० लाख डलर बेहोर्ने गरी वित्तीय व्यवस्थापन भएको छ ।

# म्याग्दीमा चौतारी संरक्षण अभियान

**पोखरापत्र संवाददाता**
**म्याग्दी २५ कार्तिक**

दुई दशक अघिसम्म भरिया र बटुवाले भरिभराउ हुने चौतारी अहिले सुनसान छन् । कुनै समय गाउँघरमा भेला, बैठक, कचहरी, सभा चौतारीमै बस्दथे ।

धर्मका लागि चौतारी चिन्ने, वर र पीपलका रुख रोप्ने, पानी धारा बनाउने, पोखरी खन्ने चलन थियो । सडक यातायातको विकास र समाजमा आएको परिवर्तनसँगै चौताराको प्रयोग घटेको छ । सार्वजनिक जग्गा जमिन र खाली ठाउँ नभएको म्याग्दी सदरमुकाम बेनी बजारमा रहेका परम्परागत चौतारीलाई संरक्षण र व्यवस्थित गर्न जनप्रतिनिधिले चासो दिएका छन् । बेनी नगरपालिका-७ मा पर्ने चौतारीको संरक्षण थालिएको छ ।

वडाध्यक्ष रमेशकुमार श्रेष्ठले बजारवासीलाई शीतलता र बटुवालाई विश्रामका लागि पुराना चौतारीलाई व्यवस्थित गरेर प्रतीक्षालयमा रुपान्तरण गर्न थालिएको बताउनुभयो । "अहिलेकाप्रतीक्षालयजस्तैपहिलेका चौतारीको महत्व छ", उहाँले भन्नुभयो, "धार्मिक, जैविक विविधताको संरक्षण र विश्रामको सुविधाका लागि जीर्ण चौतारीको पुनःनिर्माण गर्न थालेका हौँ ।"

बेनी नगरपालिकाको वडा नम्बर ७ मा १८ वटा चौतारी र एक वटा पोखरी छन् । चौतारी मर्मतका लागि चालु आर्थिक वर्ष २०७९/८० मा बेनी नगरपालिकाले रु चार लाख ५० हजार विनियोजन गरेको छ । सो बजेटबाट नगरपालिकाको प्रवेशद्वार, बेनी सामुदायिक र जिल्ला प्रशासन कार्यालय अगाडिको चौतारी संरक्षण गर्न थालिएको छ ।

गत आवमा विनियोजन भएको रु एक लाख २७ हजार बजेटबाट मालपोत कार्यालय अगाडिको चौतारी मर्मत गरिएको थियो । सो चौतारीको नजिकै बेनी बजार अवस्थित बेनी नगरपालिकाको ७ र ८ नम्बरबाहेकका वडाको पहिचान झल्कने होडिङ बोर्ड राख्ने तयारी भएको छ । पीपलको रुखको फेदीमा पूजा गर्न र बत्ती बाल्न सहज होस् भनेर पालासमेत राखिएको छ । नगरपालिकाको प्रवेशद्वारअघिको चौतारीसँगै म्याग्दीका छ वटा स्थानीय तहको पहिचान झल्कने होडिङ बोर्ड राख्न लागिएको वडाध्यक्ष श्रेष्ठले बताउनुभयो । होडिङ बोर्डबाट म्याग्दी जिल्लाको प्रचारप्रसारमा सहयोग पुग्ने उहाँको भनाइ छ ।

चौतारी बनाएका दातासँग समन्वय गरेर मर्मत थालिएको हो । परम्परागत समाजमा धर्म र पुण्यका लागि चौतारा बनाउने चलन थियो । त्यसबेला बनाएका पोखरी अहिले झाडीमा परिणत भएका छन् । फेरिएको परिवेशमा चौतारीलाई विश्रामस्थल, प्रतीक्षालय र धार्मिकस्थलको रुपमा विकास गराउने योजना रहेको वडाध्यक्ष श्रेष्ठले बताउनुभयो । चौतारीसँगै पूजा गर्ने ठाउँ बनाएमा मानिसले फोहोर नगर्ने र सरसफाइ कायम गर्न सकिने उहाँले बताउनुभयो ।


प्रदेश सरकार
पर्यटन, उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालय
**उद्योग वाणिज्य तथा उपभोक्ता हित संरक्षण निर्देशनालय**
**घरेलु तथा साना उद्योग कार्यालय, कास्की**
गण्डकी प्रदेश, पोखरा

**फर्म बन्द सम्बन्धी ३५ दिने सार्वजनिक सूचना**

प्रथम पटक प्रकाशित सूचना २०७९/०७/२६

यस कार्यालयबाट मिति २०७२/१०/१० मा कास्की जिल्ला पोखरा महानगरपालिका वडा नं. १७, कि.नं. ११२०८ पाल्पालीमार्गमा संचालन गर्ने गरी पोखरा महानगरपालिका वडा नं. २२, कास्की निवासी करिस्मा बरालको नाउँमा दर्ता भएको प्रा.फ.र.नं. ११३६७/०७२/०७३ को रिदम अर्गानिक रेष्टुरेण्टका प्रोपराइटर श्री करिस्मा बरालले मिति २०७९/०३/२७ मा फर्म बन्द गरीपाउँ भनी आवश्यक कागजात सहित रितपूर्वक निवेदन दिनुभएको हुँदा यो ३५ दिने फर्म बन्द सम्बन्धी सार्वजनिक सूचना प्रकाशित गरिएको छ । यदि सो फर्ममा अरु कसैको हकदावी एवं फर्मको कुनै पनि प्रकारको आर्थिक बक्यौदा लगायत कुनै पनि प्रकारका सामाजिक दायित्वहरु बाँकी रहेको भएमा सवुत प्रमाण सहित यो सूचना प्रकाशन भएको मितिले ३५ दिनभित्र यस कार्यालयमा लिखित उजुरी दिनुहुन अनुरोध गरिन्छ । म्यादभित्र लिखित उजुरी नपरेमा उक्त फर्म नियमानुसार खारेज भई जाने हुँदा सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ ।

**घरेलु तथा साना उद्योग कार्यालय, कास्की**
**गण्डकी प्रदेश, पोखरा**


# आर्थिक क्रान्तिको सुरुआत गोरखाबाट गर्छु: अध्यक्ष दाहाल

**पोखरापत्र संवाददाता**
**गोरखा, २५ कार्तिक**

नेकपा (माओवादी केन्द्र)का अध्यक्ष तथा गोरखा क्षेत्र नं २ बाट प्रतिनिधिसभा सदस्य उमेदवार पुष्पकमल दाहाल 'प्रचण्ड'ले बाँकी जीवन आर्थिक समृद्धिका समर्पित गर्ने बताउनुभएको छ ।

चुनावी प्रचार-प्रसारका क्रममा शुक्रबार बिहान सिरानचोक गाउँपालिकाको जौबारीमा आयोजित चुनावी सभालाई सम्बोधन गर्दै परिवर्तनलाई संस्थागत गर्न आर्थिक क्रान्ति आवश्यक रहेको बताउनुभयो । "मेरो बाँकी जीवन विकास र समृद्धिका लागि खर्च गर्नेछु", उहाँले भन्नुभयो, "राजनीतिक परिवर्तनलाई संस्थागत गर्नका लागि पनि अब आर्थिक क्रान्तिको सुरुआत गर्नु जरुरी छ ।" उहाँले आर्थिक क्रान्तिको सुरुआत गोरखाबाट नै गर्ने दाबीसमेत गर्नुभयो । "म गोरखा आएको विषय सबैलाई थाहा पाइसकेको अवस्था छ, अब आर्थिक क्रान्तिको सुरुआत पनि गोरखाबाट नै गरेर सिङ्गो मुलुकको विकास गर्नेछु ।"


"शिक्षा स्वास्थ्य र पुर्वाधार, समुन्नत पुतलीबजारको आधार"

**पुतलीबजार नगरपालिका**
**नगर कार्यपालिकको कार्यालय**
**प्रगतिनगर, स्याङ्जा, गण्डकी प्रदेश, नेपाल**

**आ. व. ०७९/८० को ढुंगा, गिट्टि, वालुवा उत्खनन् गरी बिक्री गर्ने कार्यको बोलपत्र आव्हान सम्बन्धी सूचना**

सूचना प्रकाशित मितिः २०७९/०७/२५ (चौथो पटक)

स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ६४ को उपदफा १ (च) ले दिएको अधिकार प्रयोग गरी यस पुतलीबजार नगरपालिकाको निर्णयानुसार प्राकृतिक स्रोत कर असुली सम्बन्धी कार्य आ.व. २०७९/०८० को लागी ठेक्काद्धारा गराउन यो सूचना प्रकाशित गरीएको छ । मिति २०७९/०८/२ गते दिनको १२ बजेभित्र कानूनी प्रक्रिया पुरा गरेका ईच्छुक फर्म/कम्पनीहरुले बोलपत्र पेश गर्नुहुन सूचित गरिन्छ । अन्य थप जानकारीका लागी यस कार्यालयको सूचनापार्टी, तथा कार्यालयको वेभ साईट www.putalibazarmun.gov.np तथा कार्यालय समयभित्र यस नगर कार्यपालिकाको कार्यालयको राजश्व शाखामा सम्पर्क राख्न सकिनेछ ।

**ढुङ्गा, गिट्टि र वालुवा आदि प्राकृतिक स्रोतको उपयोगमा लिईने करको ठेक्का विवरण**

| आय ठेक्का नं. | नदि/खोलाहरुको विवरण | प्रारम्भिक वातावरणीय परिक्षण प्रतिवेदन २०७९ अनुसारको उत्खनन् गरिने घाटको विवरण | वार्षिक उत्खनन् गर्न सकिने परिमाण (घन मिटर) | न्युनतम ठेक्का अंक रु. मा (मु.अ.कर बाहेक ) | बोलपत्र जमानत रकम (धरौटी रकम) | बोलपत्र फाराम दस्तुर |
|---|---|---|---|---|---|---|
| ०५/०७९/०८० (क) | आँधीखोला | छिडी, खल्लुवोट | १५३३५/८३ | ४२,८०,५५७.00 | मु अ कर समेत कबोल गरेको अंक को ५% | ३000/- |
| ०५/०७९/०८० (ख) | | राङ्खोला | ८0२0/८३ | २२,३८,७८५.00 | | ३000/- |
| ०५/०७९/०८० (ग) | | लामपाटा | ८८९0/९७ | २४,८१,६६0.00 | | ३000/- |
| ०५/०७९/०८० (घ) | | गैरीजागर, बर्याङ वेलवास, हेलु, आँधीदोभान | ९११४/५७ | २५,४४,0७१.00 | | ३000/- |

प्रमुख प्रशासकीय अधिकृत